# विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव

स्नातकोत्तर तह (एम.एड) शैक्षिक योजना तथा व्यवस्थापन विषयको
आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक
योजना तथा व्यवस्थापन
विभागमा प्रस्तुत शोध पत्र


प्रस्तुतकर्ता

गोपाल प्रसाद भट्टराई

त्रि.वि. रजिष्ट्रेशन नं. : ५८३७१-८८

परीक्षा रोल नं : २१४००५२

शैक्षिक वर्ष : २०६३-०६४

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर मोरङ


२०६९

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग एम. एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न **"विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव"** शीर्षकमा यो सोध तयार पारिएको छ । प्रस्तुत शोधपत्र पूरा गर्न प्रारम्भ देखि अन्त्य सम्म नियमित सुपरिवेक्षण, मार्गनिर्देशन र अमूल्य सुझाव दिई सहयोग गर्नु हुने शोध निर्देशक श्री तोयानाथ अधिकारी तथा श्री लक्ष्मी कुमार श्रेष्ठ ज्यूहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी शोधपत्रलाई आवश्यक सुझाव र स्वीकृति प्रदान गर्नु हुने विभागीय प्रमुख आदरणीय गुरु श्री लक्ष्मी कुमार श्रेष्ठ ज्यू एंवम सल्लाह सुझाव, हौसला र प्रेरणा प्रदान गर्नु हुने यस विभागका सम्पूर्ण गुरुहरु प्रति आभारी छु ।

अध्ययनका कममा तथ्याङ्क एंवम सूचना उपलब्ध गराएर सहयोग पु-याउनु हुने नमूना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, शिक्षिका, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्ष तथा यस क्षेत्रका स्रोतव्यक्ति श्री लोकनाथ ढुंगानाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै अध्ययनका कममा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मेरा सहपाठी साथीहरुप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यो सोधपत्र शुद्धाशुद्धिका साथै वाक्य संयोजन गर्न विशेष सहयोग पु-याउने शिक्षक श्री रामचन्द्र दाहाल ज्यूलाई धन्यवाद दिन चाहान्छु । साथै मेरो अध्ययनलाई यहाँ सम्म पुऱ्याउन निरन्तर हौसला, प्रेरणा गर्ने श्रीमती दुर्गा देवी भट्टराई, छोरो मा.शि.तृ. परमेश्वर भट्टराई, छोरो एफ.एम. रेडियो स्टेशन मेनेजर गिरीराज भट्टराई, बुहारीहरु सजिना भट्टराई, सम्झना भट्टराई , छोरी दीपा भट्टराई प्रति धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा यस सोधपत्रलाई कम्प्यूटर टाइप गर्न विशेष सहयोग पुऱ्याउनुहुने न्यू त्रिवेणी फोटोकपी सेन्टर विराटनगरका श्री जयप्रसाद पौडेललाई पनि धन्यवाद दिन चाहछु ।

गोपालप्रसाद भट्टराई
सुकुना बहुमुखी क्यनम्पस
इन्द्रपुर, मोरङ

# शोधसार

विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव शीर्षकमा तयार गरिएको शोधपत्रमा संखुवासभा जिल्लाको पूर्वी दक्षिणी क्षेत्रमा पर्ने श्री सारदा उच्च मा.वि. पोखरी स्रोत केन्द्र अन्तर्गत पर्ने सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव सम्बन्धि अध्ययन गरियो । अध्ययनका क्रममा विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था पहिचान गरी ,विद्यालयको भौतिक सुधारमा पारेको प्रभाव विश्लेषण गरी, विद्यालय सुधारको कार्यान्वयनको समस्याहरु केलाउदै योजनाको कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु पत्ता लगाउने उद्धेश्यबाट यो शोधपत्र तयार गरिएको छ । विद्यालयको शैक्षिक विकास  सुधार गर्न विद्यालयको भौतिक पूर्वाधार आवश्यक भएको, विद्यालय सुधार योजना सिंगो योजनाको खाका रहेको हुँदा विद्यालय सुधार योजनाले प्राथमिक विद्यालयको व्यवस्थापनमा महत्वपूर्ण भूमिका खल्ने कुरा स्पष्ट पाइयो । त्यस्तै प्राथमिक विद्यालयको व्यवस्थापनमा कार्यान्वयनका समस्या र समाधानका उपायहरु पहिल्याउन सजिलो भएको हुँदा विद्यालय सुधार योजना विना कुनै पनि भौतिक र शैक्षिक कार्यक्रमहरु पूरा हुन सक्दोरहेनछ भन्ने शोधपत्रले स्पष्ट देखाएको छ ।

यो अध्ययनको सिलसिलामा अनुसन्धान कार्य गुणात्मक तथा परिमाणात्मक र मिश्रित ढाँचामा तयार गरी पोखरी स्रोत केन्द्र अन्तर्गत नुनढाकी गा.वि.स. भित्रका सामुदायिक प्राथमिक विद्यालयहरुले ओगटेको जनसङ्ख्यालाई लिएको छ । तथ्याङक संकलन गर्दा नमूनाको आकारको रुपमा प्र.अ., शिक्षक शिक्षिका, अध्यक्ष  र विद्यालयसँग सरोकार राख्ने अन्य महानुभावहरुसँग प्रत्यक्ष छलफल गरी प्रश्नावलीका आधारमा शोधपत्र तयार गरिएको छ ।

प्राथमिक विद्यालयहरुमा विद्यालयको व्यवस्थापन गर्दा केन्द्रको मुख नताकी आफ्नै तहबाट सुधारको थालनी गर्नुपर्ने सन्देश प्राप्त भयो । विद्यालय प्रति समुदाय, अभिभावक , सरोकारवालाहरुको जिम्वेवार बोध भएको पाइयो , सरोकारवालाहरुले विद्यालयलाई सुधार गर्न चासो देखाएको, सीमित स्रोत र साधनको उच्चतम प्रयोग गर्न सहयोग गरेको , योजना

निर्माणको सिलसिलामा अनुगमन र मूल्याङकन गरी विद्यालयलाई रचनात्मक सहयोग गरेको पाइयो ।

विद्यालय सुधार योजनालाई औपचारिक रुपमा मात्रै नलिइ व्यवहारिक रुपमा लिनुपर्ने, विद्यालयको वास्तविक अवस्थाको अध्ययन गरी उपलब्ध साधन र स्रोतले धान्न सक्ने कार्यक्रमहरु राखेर विद्यालय सुधार योजना निर्माण गर्नुपर्ने सुझाव प्राप्त भयो ।

# विषय सूची


*शीर्षक* *पेज नं*

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता ज्ञापन**

**शोधसार**

**तालिका सूची**

**सँक्षिप्त शब्दहरुको पूरा रुप**

**परिच्छेद एक परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ७

१.३ अध्ययनको औचित्य ९

१.४ अध्ययनको उद्धेश्य १०

१.५ अनुसन्धानात्मक प्रश्न १०

१.६ अध्ययनको परिसीमा ११

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १२

२.२ सैद्धान्तिक खाका १५

२.२.३ पुनरावलोकनको उपादेयता १८

**परिच्छेद तीन : अध्ययन विधि**

३.१. अनुसन्धान ढाँचा १९

३.२. जनसंख्या १९

३.३ नमुनाको आकार १९

३.४ नमूना विधि २१

३.५ नमुना छनौटका आधारहरु २१

३.६ अनुसन्धानका साधन २१

३.७ तथ्याङ्कका स्रोतहरु २४

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१ विद्यालय सुधार योजना कार्यान्वयनको अवस्था २६

४.२ विद्यालयको व्यवस्थापनमा विद्यालय सुधार योजनाले पारेको प्रभाव ४५

४.३ .विद्यालय सुधार योजना कार्यान्वयनका समस्याहरु ४६

४.४ योजना कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु ४७

४.४.१ श्री सिंहदेवी मा.वि., नुनढाकी -१ ४७

४.४.२ श्री मनशान्ति प्राथमिक विद्यालय पोक्लवाङ, नुनढाकी -३ ४८

४.४ ३. श्री महादेवथान प्राथमिक विद्यालय मैदाने, नुनढाकी -४ ४९

४.४.४ श्री गणेश प्राथमिक विद्यालय सिंङरिङ, नुनढाकी -६ ४९

४.४ .५. श्री पासाङल्हामू प्राथमिक विद्यालय भित्रे, नुनढाकी -७, ५०

४.४.६ श्री ज्वालामुखी प्राथमिक विद्यालय याङसिजुङ, नुनढाकी -८, ५०

४.४.७ श्री गुफापोखरी प्राथमिक विद्यालय, गुफा, नुनढाकी-९ ५०

**परिच्देछ पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्तिहरु ५२

५.२ निष्कर्ष ४२

५.३ सुझाव ५४

**सन्र्दभ सामग्री**

**अनुसुचीहरु**

## तालिका सूची

१. नमुना जनसंख्या छनौट विवरण

२. अनुसन्धानका साधनहरु

३. विद्यालयको भौतिक अवस्था

४. शौचालयको अवस्था

५. खानेपानीको अवस्था

६. खेलमैदानको अवस्था

७.विद्यालय सुधार योजनाबाट गरिएको लगानी

८. विद्यालय सुधार योजना मार्फत लगानी

९. कम्पाउण्डको अवस्था

१०.भौतिक पक्ष निरीक्षण संभार तालिका

११. व्यबस्थापन पक्षको अवस्था

१२. विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था

१३. विद्यालय सुधार योजनाबाट गरिएका लगानीहरु

१४. योजना कर्यान्वयन

# शब्दहरुको पूरा रुप

| | |
|---|---|
| **प्र.अ.** | **- प्रधानाध्यापक** |
| स.प्र.अ. | - सहायक प्रधानाध्यापक |
| गा.वि.स. | - गाँउ विकास समिति |
| जि.वि.स. | - जिल्ला विकास समिति |
| वि.व्य.स. | -विद्यालय व्यवस्थापन समिति |
| सरोकारवाला | - शिक्षासँग सम्बन्धित व्यक्ति , वर्ग र समुदायहरु । |
| शि.अ.सं. | - शिक्षक अभिभावक संघ |
| ले.प. | - लेखा परीक्षण |
| सा.प. | - सामाजिक परीक्षण |
| जि.शि.का | -जिल्ला शिक्षा कार्यालय |
| क्षे.शि.नि. | - क्षेत्रीय शिक्षा निर्देशनालय |
| विभाग . | - शिक्षा विभाग |
| तप्का | - पक्ष |
| रा.शि.प.यो. | - राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| रा.शि.आ. | -राष्ट्रिय शिक्षा आयोग , २०४९ |
| जन आन्दोलन भाग दुई | - वि.स. २०६२/०६३( चैत्र २४-बैशाख ११ ) |
| वि.नि.स. | - विद्यालय निर्माण समिति |
| यस.आई.पि. | - स्कूल इम्प्रुभ प्लान ( विद्यालय सुधार योजना ) |